# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# आ.व. २०७७/०७८ को

आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम, २०७७

आठविसकोट नगरपालिकाको बजेट वक्तव्य, २०७७

नगरसभाबाट स्वीकृत मितिः २०७७/०३/२९ गते

माणित मितिः २०७७/०४/०४ गते

# आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

## आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

नगर सभाको बैठकमा मिति २०७७ साल असार २६ गते शुक्रबार

नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.ले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७।०७८

# को

# नीति तथा कार्यक्रम

आठबिसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुकुम पश्चिम, कर्णाली प्रदेश

नेपाल

२०७७

१) नेपालको संविधान २०७२ जारी भई सोही अनुसार स्थानीय तह गठन भए पछिको यो चौंथो पटक, आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा आठविसकोट नगर कार्यपालिकाले गौरवको महशुस गरेको छ। यो अवसरमा ऐतिहासिक परिवर्तनहरुको लागि आफ्नो प्राणको आहूति दिनु हुने सबै महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शहिदको सपनामा अविचलित रहने प्रतिज्ञा गर्दछौं।

२) शुरुमा विगतको नीति तथा कार्यक्रम कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु।

क) आर्थिक वर्ष २०७६/७७ को विकास आयोजनाहरुको आर्थिक तथा भौतिक प्रगति ९९ प्रतिशत पुगेको छ। गत वर्ष ठेक्का प्रक्रिया पुरा भई कार्य संचालनमा रहेका विभिन्न ८ वटा विद्यालयका पक्की भवन, धागेछरी खानेपानी आयोजना, चार वटा सडक, ८ झोलुङ्गे तथा ट्रस पुलको निर्माण सम्पन्न भएको छ। त्रिवर्षिय ठेक्का सम्झौता भएको नगर अस्पताल भवनको लक्ष्य भन्दा बढि भौतिक प्रगतीको अवस्था रहेको छ। यस आर्थिक वर्ष पनि समपूरक तथा विषेश अनुदान अर्न्तगतका आयोजनाहरुको ठेक्का सम्झौता भै निर्माण कार्यमा उल्लेखिनिय भौतिक प्रगति भई सकेको छ। दर्जनौं अरु साना आयोजनाहरु सम्पन्न भएका छन्।

ख) यो आर्थिक वर्षको अन्त्य तिर कोरोना महामारीको कारण निर्माण कार्य संचालनमा केहि असहजत भएता पनि १०/१० जनाको श्रम सहकार्य समूहहरु मार्फत आम जन परिचालनबाट विभिन्न आयोजनाहरुको निर्माण सम्पन्न गरिएको छ। श्रमीक समूहहरुको गठन र परिचालनले महामारीको बेलामा समेत आम मानिसहरु परिचालन गरी आशा गरेभन्दा निकै राम्रो भौतिक उपलब्धीहरु प्राप्त गर्न सम्भव भएको छ। यो तरिकाले सार्वजनिक निर्माण कार्यमा जनसहभागिता बढ्ने र उपभोक्ताहरुको अपनत्व पनि बढ्ने देखिएको छ। सहकार्य र सामुहिकताको भावना बिकास भएको पाईएको छ।

ग) कोरोनाको महामारी विरुद्धको तयारी कार्यमा नगरपालिकाले निकै मेहनत गरेको छ । १० दिनमै सुविधा सम्पन्न १५ शैयाको आईसोलेसन अस्पताल निर्माण सम्पन्न भएको छ। सुरक्षित र व्यवस्थित क्वारेन्टिनहरु संचालनमा रहेका छन्। राहत वितरण, आम खाद्य सुरक्षा, स्वास्थ्य सामाग्रीको व्यवस्थापन, जनचेतनाको विकास आदिमा निकै मेहनत गरिएको छ । जसको परिणाम स्वरुप आम मानिसहरुमा यो महामारीको सामना गर्न सकिने विश्वास पैदा भएको छ।

घ) कृषि क्षेत्रमा यो वर्षपनि उल्लेखिनिय कामहरु भएका छन्। १२ हजार किवीको विरुवाहरु खरिद गरि बगैंचाहरुको निर्माण गरिएको छ । किवी पकेट क्षेत्रहरुमा सिंचाईको व्यवस्था गरिएको छ। किवी बगैंचाको टेकासोको लागि उद्योग नै स्थापना गरि टेकाहरु निर्माण गर्न थालिएको छ । ४४ हजार टर्किस च्यान्डलर जातको ओखरको बिरुवा खरिद गरि नगरपालिकाको विभिन्न स्थानमा बगैंचाहरु निर्माण गरिएका छन्। कागती, सुन्तला, टिमुर आदिको बिरुवा वितरण गरिएको छ । १० हजार घर परिवारमा बिभिन्न तरकारीका बिउ बितरण गरिएको छ । सघन खेति प्रणालीको बिकास गर्न कोदोको बिउ बितरण गरिएको छ। वडा नं. ५ र ६ अन्तरगत गोतामकोटका सबै क्षेत्रमा सिंचाई र खानेपानीको व्यवस्था हुने क्रममा रहेको छ। दुध उत्पादन र भण्डारण तथा बिक्रि बितरणको लागि उद्योग स्थापनाको क्रममा रहेको छ । उक्त कार्यहरु संघ तथा प्रदेश सरकारको सहयोग र समन्वयमा सम्पन्न भएका छन्।

ङ.) गत शैक्षिक सत्रको विद्यालय स्तरको शैक्षिक गतिविधि विगतको तुलनामा निकै व्यवस्थित रहेका छन्। नगर शिक्षा कार्यालयले संचालन गर्ने सबै वार्षिक परिक्षाहरु सम्पन्न भै परिमाणहरु प्राप्त भएका छन्। समग्र शैक्षिक उपलब्धीहरु आशा लाग्दो ढङ्गले वृद्धि भएका छन्। कोरोना महामारीको कारण स्थगित भएको पठनपाठन छिटै थालनी गरिने छ।

प्राविधिक शिक्षा तर्फ छात्रवृद्धि कार्यक्रम जारी रहेको छ। बालकल्याण मा.वि.र ज्ञानोदय मा.वि. मा प्राविधिक धारको पढाई शुरु भएको छ। स्थानीय पाठ्यक्रमको निर्माण अन्तिम चरणमा पुगेको छ।

च) स्वास्थ्य क्षेत्रको विकासमा पनि यो वर्ष उल्लेखिनिय कार्यहरु भएका छन्। ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रका भवनहरुको निर्माण कार्य थालनी भएको छ। नगर अस्पताल भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । स्वास्थ्यकर्मी र औषधीको व्यवस्थापनमा कमी हुन दिईएको छैन्।

कोरोना महामारी नियन्त्रणको सन्दर्भमा नगरपालिकाको स्वास्थ्य प्रणाली सक्षम सावित हुँदै गएको छ । क्वारिन्टिनमा नियमित स्वास्थ्य अनुगमन, स्वाव संकलन आदिमा नगर स्वास्थ्य कार्यालयको जनशक्तिबाट नै सम्भव भएको छ । सम्भावित कोरोनाका बिरामीहरुको आईसुलेसनमा उपचार दिन नगर अस्पताल भौतिक तथा मानसिक रुपमा तयार रहेको अवस्था छ।

छ) नगरपालिका भित्रका विभिन्न आयोजनाहरुको डीपीआर गर्ने काम सम्पन्न भई ती आयोजनाहरु मध्ये केहिमा विभिन्न क्षेत्रबाट लगानीको थालनी भएको छ। चिसापानी राडी नदुवा सडकमा प्रदेश सरकारले ४५ करोडको लगानीमा स्तरोन्नती गर्ने तयारी गरेको छ। नगरपालिका भवन, ठाँटीखोला मन्मै मोटर पुल र विभिन्न झोलङ्गे पुलमा संघीय सरकारबाट लगानीको प्रतिवद्धता सहित केहि रकम प्राप्त भएको छ । राडिज्युला खानेपानी आयोजनामा प्रदेश सरकारबाट लगानीको शुरुवात गरिएको छ । यहि आर्थिक वर्ष ती आयोजनाहरुको ठेक्का प्रक्रिया सम्पन्न भै निर्माण कार्य आरम्भ हुनेछ।

ज) गोतामकोटको आत्रेय ऋषिको मन्दिर क्षेत्र तथा साईकुमारी मन्दिर क्षेत्रमा आंशिक रुपमा पर्यटन पूर्वाधारको निर्माण सम्पन्न भएको छ। र्‍याफ्टिङको संभाव्यता अध्ययन गरिएको छ।

झ) भेरी नदि किनाराका जोखिममा रहेका त्रिवेणी, मन्काबगर, दामाचौंर, ध्रुसेंनी लगायत विभिन्न स्थानमा तट्‌बन्ध निर्माण तथा बाढि पहिरोले क्षति गरेका १० वटा नीजि घरको पुनः निर्माण कार्य सम्पन्न भएको छ।

ञ) नगरपालिकामा कर्मचारी अभावको कठिन अवस्था रहेकोमा हालसालै लोकसेवाबाट कर्मचारीको पदपुर्ति भई कार्य सञ्चालन सहज भएको छ।

## समस्या र चुनौतिहरु

क) भौगोलिक हिसावले यो नगरपालिका नेपालकै दोश्रो ठूलो र कर्णाली प्रदेशको सबै भन्दा ठूलो नगरपालिका हो। यसले पश्चिम रुकुमको ४६ प्रतिशत भु-भाग ओगटेको छ। विशाल र विकट भु-खण्डमा फैलिएको यो नगरका सबै गाउँबस्तीहरुमा विकास पूर्वाधार पुर्‍याउनु साँच्चिकै चुनौती पूर्ण छ।

ख) नगरमा निरपेक्ष गरिबीको रेखामूनि रहेको जनसंख्या ५१ प्रतिशत रहेको छ। यो नेपालकै सबैभन्दा उच्च गरिबीको दर हो। यस प्रकारको गरिबी र पछौटेपनाको बीच नगरलाई विकास र समृद्धि तर्फको बाटोमा लैजानु साँच्चिकै कठिन छ।

ग) नगरमा ३४ प्रतिशत जनसंख्या दलित समुदायको छ। माथिल्लो जातीमा रहेको अहंकार र यसले उत्पीडित समुदायामा पैदा गर्ने हिन भावना र कुण्ठले जन्माउने विद्रोहले समाजलाई द्धन्दको बाटोमा लैजाने संभावना रहिरहेको हुन्छ। यस तर्फको चुनौतीहरुलाई कम गर्दै ऐतिहासिक रुपमा उत्पादनका साधन मुख्यत जमिनबाट बिमुख पारिएको र साँस्कृतिक रुपले सदियौं देखि उत्पीडनमा राखिएको यो ठूलो समुदायलाई न्याय र समानताको अनुभूति सहित आर्थिक तथा साँस्कृतिक समृद्धिको बाटोमा लैजानु कम चुनौतिपूर्ण छैन्।

घ) सूचाना प्रविधिको तीव्र विकासले राम्रो मात्र गरेको छैन। सामाजिक सञ्जालहरुको बेलगाम प्रयोगले नयाँ पुस्तालाई कर्तव्य र गन्तव्य बिहिन बनाउने संभावना रहेको छ। दिशा र दृष्टिकोण बिहिन विषयहरु सामाजिक संजालमा भाईरल बन्ने र समाजमा अर्थहिन झमेलाहरु आउन थालेका छन्। कतिपय अवस्थामा आत्महत्या दुरुत्साहनको लागि समेत सामाजिक संजाल कारक बनेको छ। युवा पुस्ता यस्तैमा गन्तव्य बिहिन बन्ने प्रवल संभावना रहेको छ। अर्को तर्फ बेरोजगारी अभाव आदिले यो पुस्ता अराजकता र गुण्डागर्दी तर्फसमेत जाने संभावना छ। यो उल्झनहरुबाट नयाँ पुस्तालई अगाडि बढाउन ठोस प्रयास गर्ने बेला आएको छ।

ङ) संघीय सरकारले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसक्दा हाम्रो बजेटमा राजश्व बाँडफाँडको शीर्षकबाट खर्च हुनेगरी सम्झौता गरिएका दर्जनौं योजनाहरु सम्पन्न भएको एक वर्ष बितिसक्दा समेत भुक्तानी हुन सकेको छैन्। दुई आर्थिक वर्षा नगरले आठ करोड बराबरको राजश्व बाँडफाँडबाट कम प्राप्त गरेको छ। यसले एकातिर नगरको विश्वासनियतामै शंका पैदा गरेको छ। अर्को तर्फ निर्माण सम्पन्न गरेका उपभोक्ता र मजदुरहरु ज्याला नपाउँदा निराश हुने स्थिति पैदा भएको छ। भर्खरै स्थापना भएको नगरले यति ठूलो बजेटको नोक्सानी धान्न निकै कठिन भएको छ। संघीय सरकार र खासमा अर्थमन्त्रीको असफलताले सिर्जना गरेको समस्याको मारमा नगरपालिका परेको छ।

च) नगरको धेरै बस्तीहरु बाढी पहिरोको उच्च जोखिममा रहेका छन्। भेरी नदि किनारामा ७० कि.मी. क्षेत्र, खारखारा खोला, घेत्मा खोला, गिजागाड खोला र धुर्सेनी आदिले निकै समस्या सिर्जना गर्ने गरेका छन्। जाजरकोट डोल्पा सडक तथा अन्य ग्रामीण सडक निर्माणको क्रममा वातावरणीय नोक्सानीलाई कम गर्ने उपायाहरु अवलम्बन नगरिदा जनताले ठूलो नोक्सानी व्यहोर्नु परेको छ। नगरले वर्षेनी समस्याहरुको सामना गर्नु परेको छ।

छ) कर्मचारीको अभाव तथा नयाँ कर्मचारीमा अनुभवको कमीले नगरको सेवा प्रवाहमा समस्याहरु अनुभव भएका छन्। आगामी वर्ष यी समस्याहरुमा कमी आउने अपेक्षा गरिएको छ।

**३) अब म अव आर्थिक वर्ष २०७७/०७८ को लागि मुख्य-मुख्य नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

संविधानले परिकल्पना गरेको समाजवाद उन्मूख अर्थ व्यवस्थाका निर्माण गर्नु आजको हाम्रो अहम् कर्तव्य हो। कोरोना जस्ता वैश्विक महामारीले खडा गरेका चुनौतिहरु बीच भौगोलिक विकटता, गरिबी, पछौटेपन आदिको सामना गर्दै अग्रगमनको गति पैदा गर्नु साँच्चिकै फलामको चिउरा चपाउनु जस्तै दुरुह छ। तर जनताले गर्ने कठिनतम संर्घषहरुबाट प्राप्त हुने शिक्षा र नेतृत्वबाट प्राप्त हुने मार्गदर्शनको संयोजन गर्दै हामी चुनौतिहरुको सामना गर्न, कर्तव्यहरु पूरा गर्न र समाजवादी अर्थ व्यवस्थाको जग खडा गर्न सक्षम हुने विश्वास लिएका छौं। जनताको एकता, श्रम र उत्पादनबाट मात्र समाजवाद बन्ने छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ। जनताको साथमा समाजवादी इतिहासको आधारशिला तयार गर्ने धेयका साथ यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ।

समृद्ध नेपाल-सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र समृद्ध कर्णाली- सुखारी कर्णालीबासी बनाउने प्रदेश सरकारको सपनालाई हामीले हाम्रो सन्दर्भमा कार्यान्वयन गर्न नगरले "**समृद्ध गाउँ शहरको रहर - स्वच्छ, सफा, सुशासनयुक्त, समन्यायीक र समाजवाद उन्मूख आठबिसकोट नगर**" भन्ने मूल नारा तय गरेको छ र यसलाई व्यवहारिक रुपमै कार्यन्वयनमा लगिने छ।

दिगो विकासका लक्ष्यहरुलाई मध्यनजर गर्दै सभ्य र समृद्ध समाज निर्माणको लागि यसको आवश्यकता र महत्वको बारेमा आम जनचेतना निर्माण गर्दै सामूहिक रुपमा यी लक्ष्यहरु प्राप्त गर्ने प्रयास जारी राखिने छ।

कोरोना महामारीले सिर्जना गर्न सक्ने बेरोजगारी, खाद्यान्न अभाव, सामाजिक अराजकता र अनुशासन हिनताको अन्त्य गर्न जोड गरिने छ। **सुख र समृद्धिको लागि एकता र**

**अनुशासन - श्रम र उत्पादनको लागि युवा परिचालन** को नीति लिईने छ। युवा लक्षित रोजगारी र खाद्य सुरक्षा तथा खेल, साँस्कृतिक अभियान आदि कार्यक्रमहरु संचालन गरिने छ। साँस्कृतिक रुपान्तरणको अभियानलाई निरन्तर अगाडि बढाईने छ। जातीय अहंकार वा हिन भावनाको समूल अन्त्य गर्दै समतामूलक नैतिकवान र श्रमशिल समाज निर्माणको लागि निरन्तर अभियानहरु संचालनेमा गरिने छ।

वडा नं. १, २ र ३ मा विकास पूर्वाधार, संचार, विद्युतिकरण आदि सबै हिसावले पछाडि पर्न गएको सन्दर्भमा उक्त क्षेत्रको समग्र विकासमा यो आर्थिक वर्षमा विशेष पहल गरिने छ।

सार्वजनिक खरिद प्रक्रियामा रहेका केहि कमीहरुको कारण सार्वजनिक निर्माणमा जनसहभागिता र अपनत्वको अवस्था कमजोर भै रहेको सन्दर्भमा आम उपभोक्ताको सहभागिता सुनिश्चित हुने गरी नगर खरिद नियामावलीमा संसोधन गरिने छ । निर्माण समितिको नाममा केहि व्यक्तिको बोलवाला हुने र आम उपभोक्ता वेखबर रहने तथा सोहि कारणले जनताको सार्वजनिक निर्माणमा चासो र भरोसा नरहने स्थितिको अन्त्य गरिने छ। सार्वजनिक निर्माणको गुणस्तर कायम राख्न अधिकतम प्रयास गरिने छ।

अव म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## अ) आर्थिक विकासको क्षेत्र

**जनताको एकता, श्रम र उत्पादन** नै आर्थिक विकासको आधार हो। श्रम सहकार्य समूहहरु, सहकारीहरु र उत्पादनका ब्रिगेडहरु मार्फत जनतालई एकताबद्ध गरिने छ। **सामूहिक श्रम र नवीनतम् प्रविधिको** प्रयोग मार्फत उत्पादन वृद्धि गर्दै समाजवाद उन्मुख आर्थिक विकासको आधार तयार गर्नु नगरको मूल आर्थिक नीति हुनेछ। यहि नीति अर्न्तगत विभिन्न क्षेत्रको विकासमा जोड रहनेछ।

### क) कृषि तथा पशुपालन

**कृषि योग्य जमीनमा पानी र प्रविधि श्रमीकहरुको सहकार्यमा समाजवाद उन्मूख समृद्धि** भन्ने मूल नारा र धेयका साथ कृषि क्षेत्रलाई अगाडि बढाईने छ । यो क्षेत्र नगरको समग्र आर्थिक विकासको आधार तथा मेरुदण्डको रुपमा विकसित गरिने छ । एका तर्फ उत्पादनका स-साना पकेटहरु जोडेर उत्पादनका जोनहरु निर्माण गरिने छ र अर्को तर्फ श्रम सहकार्य समूहहरु र सहकारीहरु जोडेर उत्पादनका ब्रिगेडहरु निर्माण गरिने छ। उत्पादनका ब्रिगेडहरुलाई सामूहिक उत्पादन र समाजवादी चेतनाले अगाडि बढाउने कामको नेतृत्व नगर कार्यपालिकाको हुनेछ र उत्पादनका जोनहरुलाई प्राविधिक सहयोग गर्ने कामको नेतृत्व नगर कृषि सेवा केन्द्रको हुनेछ। उत्पादनका यी संगठनहरुमा श्रमिक महिलाहरुको सहभागिता र नेतृत्वलाई विषेश जोड गरिने छ।

नगर कृषि कार्यालयको सबलीकरण, आम रुपमा सिँचाईको व्यवस्थापन र प्रविधिको प्रयोग तथा नस्ल सुधारमा लगानी केन्द्रित गरिने छ। रोजगारी गुमाएका हजारौं मज्दुरहरुलाई कृषि क्षेत्रमा स्वरोजगार बनाउने नीति रहने छ।

समग्र कृषि उत्पादनको क्षेत्रलाई निर्यात मूखि बनाईने छ । सयौं गाडिहरुमा चामल गाउँ भित्र्याउने कुदिनहरुको अन्त्य गर्दै हजारौं गाडिहरुमा किसानहरुका उत्पादन शहर तर्फ पठाउने सुदिनहरुको तीव्र प्रतिक्षामा हामी रहने छौं। गाई तथा भैसी फारमको विकासमा जोड गरिने छ।

### ख) उद्योग, व्यापार

**स्थानीय स्रोत साधन र सीपमा आधारित उद्यममा वृद्धि-आठबिसकोट नगरमा स्वरोजगार सहितको समृद्धि** को मूल धेयमा आधारित रहि उद्योग तथा वाणिज्य नीति निर्देशित रहने छ।

कृषि, पशु तथा वन पैदावारको प्रशोधन उद्योगहरुको स्थापना तथा संचालन गरिने छ । उत्पादनका साधन माथि किसान मज्दुरहरुको सामूहिक स्वामित्व विना समाजवादको जग उठाउन संभव नहुने कुरामा हामी स्पष्ट छौं । तर्सथ सबै जसो उद्योगहरुको स्थापना र

संचालनमा सामूहिक स्वामित्व स्थापित गर्न जोड गरिने छ। उद्योगहरुको लागि विद्युतको व्यवस्था गर्न जोड गरिनेछ। निर्माणधिन सबै उद्योगहरुलाई संचालनमा ल्याईने छ।
स-साना परम्परागत उद्योगहरुलाई आधुनिकरण गर्दै स्वरोजगार सिर्जना हुने गरी प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिने छ।

यो वर्षलाई उद्योग वर्षको रुपमा स्थापित गरिने छ। स्वीईटर, ट्राउजर आदि लत्ता कपडामा आत्मनिर्भर बन्ने प्रयास गरिने छ। निर्माण सामग्री उत्पादन उद्योगलाई पनि यो वर्ष विषेश जोड गरिने छ।

स्थानीय वित्तिय संस्थामार्फत उद्यमीहरुलाई ऋण तथा सोको ब्याजमा नगरपालिकाको अनुदान दिने व्यवस्था कार्यान्वयन गरिने छ।

निर्यात व्यापारलाई सक्दो सहयोग गर्ने नीति लिईने छ। बजार भाउ नियन्त्रण गर्न र गुणस्तरीय उपभोग्य सामाग्रीको विक्रिवितरण हुने व्यवस्था गर्न निरन्तर निगरानी र प्रयास जारी रहने छ।

नीजि क्षेत्रसँगको सहकार्यमा राडि बजारमा एक सपिङ मल (आठबिसकोट टावर वा समाजबादी टावर) निर्माणको लागि संभाव्यता अध्ययन गरिने छ।
रोजगारी गुमाएका युवा जनशक्तिको लागि स-साना स्वरोजगार प्रवर्द्धन गर्न सक्ने उद्यममा लगानी गरिने छ। औद्यौगिक उत्पादनहरुको निर्यातमा जोड गरिने छ।

## ग) पर्यटन

कोरोना महामारीको कारण पर्यटकीय गतिविधिमा अंकुश लागेको अवस्था छ। हामी मूलतः आत्रेय ऋषिको मन्दिर निर्माण, साईकुमारी मन्दिर क्षेत्रको विकास, राडिज्युलामा लक्ष्मीनारायणको मन्दिर निर्माण तथा अन्य केहि स-साना मन्दिरको संरक्षण तथा बिजारे देखि सिस्ने हिमाल सम्मको पर्यटन पदमार्गको पहिचानमा केन्द्रित रहने छौं। सर्खेत देखि नगरपालिकासम्म जल यातायातको संभाव्यता अध्ययन गरिने छ।

## घ) वन तथा वातावरण

नगरमा विशाल वन क्षेत्र रहेको छ। जडिबूटी र काष्टजन्य उत्पादनले आज पनि ग्रामिण भेगको आर्थिक गतिविधिलाई टेवा पुर्याई रहेको छ । वनजन्य श्रोत लाई वैज्ञानिक, व्यवस्थित, सामुहिक र दिगो रुपमा परिचालन गर्ने नीति रहने छ । निर्माणधिन काष्ट उद्योग संचालनमा ल्याई अधिकतम रोजगारी सिर्जना गर्ने प्रयास हुनेछ। जडिबुटि प्रशोधनको थालनी गरिने छ।

सार्वजनिक निर्माणले वातावरणमा पारेको नोक्सानीलाई कम गर्न वृक्षारोपन, तटबन्ध निर्माण आदिमा जोड गरिने छ । आम वातावरण स्वस्थ राख्न वास प्लानको कार्यान्वयनमा जोड गरिने छ। जलवायु अनुकुलनका गतिविधिहरु संचालनमा रहने छन्।

## ङ) उर्जा सम्बन्धि नीति

हाम्रो जस्तो विपन्न नागरिकको बाहुल्यता भएको नगरमा जनतालाई सस्तो दरमा उर्जा उपलब्ध नगराई उनीहरुको जीवन स्तरमा परिवर्तन ल्याउन कठिन छ । हामी कहाँ प्रशस्त जलश्रोत पनि रहेको छ । तर आज हामी सँग बत्ति बाल्न र मोवाईल चार्ज गर्न समेत विद्युत प्रयाप्त छैन्। साना उद्यमीहरुले चरम उर्जा अभावको सामना गरी रहेका छन्। यो स्थितिको अन्त्य गर्दै उर्जामा आत्मनिर्भर बन्ने प्रयास जारी रहने छ। डीपीआर तयार भएको पूजाखोला र जंघारखोला आयोजना निर्माण तथा निर्माणधिन अवस्थामा रहेको कालाखोला जलविद्युत र गिजागाड जलविद्युत समेतलाई मिनीग्रेड मार्फत संयोजन गरी भरपर्दो उर्जाको व्यवस्था गरिने छ। राष्ट्रिय विद्युत प्रसारण लाईनको जडानमा जोड गरिने छ। अन्य वैकल्पिक उपायाहरुको समेत व्यवस्थापनमा जोड गरिने छ।

## च) सञ्चार तथा सूचना प्रविधि सम्बन्धि नीति

सूचना, सञ्चार एवम् प्रविधिको क्षेत्रमा भएको युगान्तकारी परिवर्तन सँगसँगै एक्काईसौं शताब्दीको यात्रामा लागेको वर्तमान समयले आजको युगलाई विज्ञान र प्रविधिको युग भन्ने कुरा पुष्टि गरिसकेको अवस्थामा मानवको दैनिक जीवन एवम् विकासको लागी अपरिहार्य पूर्वाधार र समग्र विकास व्यवस्थापनको क्षेत्र प्रविधिमा निर्भर रहेको सन्दर्भमा सूचना तथा संचार प्रविधिवाट अहिले पनि नगर क्षेत्र विकट छ । हरेक कार्यको निम्ति आधारभुत औजारको रुपमा रहेको सूचना तथा सञ्चार प्रविधिले सर्वाङ्गीन विकासमा महत्व राख्नुका साथै सक्षमता र प्रभावकारितामा निर्भर रहने हुनाले समुदायलाई जागरुक र चेतनशील तुल्याई सभ्य, सुसंस्कृत एवम् समतामुलक समाजको निर्माण गर्न सम्पादन गरिने सम्पुर्ण क्रियाकलाप व्यवस्थित ढङ्गले सञ्चालन गर्न यस क्षेत्रको विकास, विस्तार, प्रयोग र परिचालन गरिनेछ।

टेलिकमका टावर निर्माण गर्ने ठेकेदारको चरम लापर्वाहीको कारण दुरदराजका गाउँहरु आज पनि फोन सम्पर्क नरहेको स्थिति छ। यो स्थितिको अन्त गर्न टेलिकमसंगको समन्वयमा नगरपालिका आफैले टावर जडानको कार्य गर्ने तर्फपहल गरिने छ । राडि बजारमा ल्याण्डलाईनको जडानकार्य सम्पन्न गराईने छ । मध्यपहाडी लोकमार्गमा विछ्याईदै गरेको अप्टीकल फाईबर लाईनलाई राडिज्युल सम्म जडानको लागि आवश्यक पहल गरिने छ।

संचारको वैकल्पिक व्यवस्था गर्न आवश्यक संचार उपकरण खरिद गरि प्रयोगमा ल्याईने छ।

सूचना प्रविधि, सञ्चार तथा तथ्याङ्क व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शि पार्न आवश्यक सफ्टवेयर निर्माण एवम् खरिद गरी अधिकतम प्रयोग गरिनेछ।

आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत नगरवासीलाई सार्वजनिक सेवा प्रवाह गर्न नगरपालिका र १४ वटै वडा कार्यालयहरुको ईन्टरनेट सेवा थप प्रभावकारी र द्रुत गतिको सर्वसुलभ इन्टरनेट सेवा विस्तारको लागि विशेष पहल गरिनेछ।

सार्वजनिक संचारको माध्यामहरु र खास गरी एफ.एम.रेडियोहरुलाई सहयोग गर्ने नीति रहदै आएकोमा यसलाई जारी राखिने छ।
सामाजिक संजालहरुको प्रयोगलाई थप व्यवस्थित गर्न पहल गरिने छ।

**आ) सामाजिक विकासको क्षेत्र**

**क) शिक्षा सम्बन्धि नीति**

कोभिड-१९ को कारण विद्यालयहरु बन्द रहेकोमा जिल्ला भित्रै पीसीआर जाँचको व्यवस्था हुन थालेको तथा आजसम्म संक्रमण नदेखिएकोले सुरक्षाको थप व्यवस्था गरी विद्यालय जति सक्दो छिटो संचालनमा ल्याईने छ। शिक्षा क्षेत्रको सुधारको लागि विगत देखि भएका प्रयासलाई निरन्तरता दिईने छ। सबै विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय कार्यहरुलाई एकरुपतामा लैजान शैक्षिक गुणस्तर परिक्षण केन्द्रलाई परिचालन गरिने छ। शहिद नमूना माध्यमिक विद्यालयलाई नगरको मिनि मेघा विद्यालयको रुपमा विकसित गरिने छ। अन्य विद्यालयहरुलाई स्मार्ट विद्यालय तर्फ विकसित गर्ने प्रयासलाई निरन्तरता दिईने छ। सबै वडामा कम्तिमा एक/एक वटा १० कक्षा सम्मको पढाई हुने विद्यालय स्थापना गरिने छ। विद्यालयको भौतिक पूर्वाधार सुधारको कामलाई तीव्रता दिईने छ। स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा जोड गरिने छ। स्वयंसेवक शिक्षकहरुको व्यवस्थालाई यथावत राख्ने प्रबन्ध गरिने छ। राडीज्युला शिक्षा क्याम्पसलाई व्यवस्थित गर्न बजेट व्यवस्था गरिने छ। जेहेन्दार विद्यार्थीरुलाई प्राविधिक शिक्षामा छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिइने छ। नगरको आवश्यकतालाई समेत ध्यान दिदै कमसेकम २ जनालाई चिकित्सा विषयमा उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गरिने छ।

**युवा तथा खेलकूद**

देशको भाग्य र भविष्यका संवाहक युवा जनशक्तिको समग्र विकास र सहि परिचालन विना सुखी र समृद्ध देशको कल्पना गर्न सकिदैन। शिक्षा दिक्षा, अन्वेशन, श्रम, उत्पादन, खेल, कलासाहित्यको संरक्षण, उन्नत संस्कृतिको संवर्द्धन आदि अहम अभिभाराहरु युवाहरुको

काँधमा रहेको छ। सहकार्य र समाजवाद उन्मूख संस्कृति, संस्कार र अर्थतन्त्र निर्माणमा युवाहरु परिचालन गरिने छ। सामाजिक अराकता, गुण्डागर्दी, दुर्व्यसन आदि रोक्न युवा परिचालन गर्ने नीति रहने छ। युवा समूहरुलाई सिर्जनात्मक कार्यहरुमा सहभागिताको लागि ढेक, म्युजिकल इन्स्टुरुमेन्ट खेल सामाग्री आदि वितरणको व्यवस्था गरिने छ। खेल क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा खेल, योग आदिको संचालनको व्यवस्था गरिने छ। उत्पादन, बाटाघाटोको मर्मत तथा संचालन सार्वजनिक स्थानहरुको सरसफाई, मेला पर्व, स्वास्थ्य शिविर आदि सार्वजनिक कार्यमा युवा परिचालनमा जोड दिईने छ।

**ख) स्वास्थ्य सम्बन्धी नीति**

नगर अस्पताललाई व्यवस्थित र आर्थिक हिसावले स्वसंचालित हुने प्रबन्ध गरिने छ। यो अस्पतालको दीर्घकालिन व्यवस्थापनको लागि स्वास्थ्यकर्मी मध्यबाट एनेस्थेटिया तथा डेन्टलको आधारभूत तालिमको व्यवस्था गरिने छ। प्रसुती तथा हाडजोर्नीको सेवालाई स्तरिय बनाईने छ। स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र र वर्थिङ सेन्टरलाई थप व्यवस्थित गरिने छ।

स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गरिने छ। सबैको लागि आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै थप बिस्तार गरिने छ। सबै आधारभुत स्वास्थ्य सेवा केन्द्रका भवन निर्माण कार्य सम्पन्न गरिने छ। सामाजिक संघ संस्थाहरुको समेत साझेदारीमा थप १ वटा एम्बुलेन्स खरिद गरी संचालनमा ल्याईने छ।

वैकल्पिक उपचार पद्धत्तिको रुपमा आयुर्वेद सेवा शुरु गरी स्थानीय स्तरमा केहि आयुर्वेद औषधीको उत्पादनको थालनी गरिने छ।

ग) अपाङ्गता भएका व्यक्तिहरु, वृद्धवृद्धाहरु आदी सबैको रोजगारी, सामजिक सुरक्षा र सम्मानको व्यवस्था गरिनेछ । सदियौं देखिपछि पारिएका महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणमा विशेष जोड दिइनेछ ।नारी दिवस तथा लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरु लगायत विभिन्न दिवसिय कार्यक्रमहरुलाई प्रभावकारी,

फलदायी तथा परिणाममुखी बनाईनेछ । नगरपालिकामा गठित विभिन्न महिला सहकारी तथा तथा समूहलाई सकृय,जुझारु बनाई विभिन्न सिपमूलक तालिम तथा क्षमता अभिवृद्धि गराई रोजगारी र आयआर्जनमा जोड दिइनेछ । युगौं देखि पछि पारिएका दलित, महिला तथा अन्य महिलाहरुको जीवनस्तर माथि उकास्न विशेष पहल गरिने छ । महिलाहरुलाई सशक्तिकरण गर्न विभिन्न कार्यक्रम, तालिम,गोष्ठी तथा सेमिनार गर्नका लागि महिलाहरुको नगर स्तरिय आफ्नै भौतिक संरचना स्थापना गरिनेछ ।

बाल विवाहलाई अन्त्य गर्न उमेर पुगी विवाह गर्ने जोडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ । समाजमा जगेडिएर रहेका महिला विरुद्धका विभिन्न कुरिती, कुसंस्कार विरुद्ध रेडियो कार्यक्रम, विज्ञापन र सडक नाटक जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । अति गरिव एकल महिलाहरुको जिविकोपार्जनका लागि अनुदान रकमको व्यवस्था गरिनेछ । विभिन्न स्तरका महिलाहरुका लागि क्षमता अभिवृद्धि तथा नेतृत्व विकास जस्ता तालिमहरु सञ्चालन गरिनेछ । विभिन्न प्रकारका हिंसा पिडित महिलाहरुलाई मनो परामर्श सेवाको व्यवस्था गरिनेछ ।

### ग) सामाजिक सुरक्षाका तथा साँस्कृतिक रुपान्तरण सम्बन्धि नीति

"**विभेद रहित सामाजिक मूल्य, मान्यता र संस्कृति-सामावेशी तथा समन्यायीक समृद्धि**" भन्ने नारामा केन्द्रित हुँदै सामाजिक सुरक्षा तथा रुपान्तरण कार्यक्रमलाई अगाडी बढाईने छ। उच्च जातीय अहंकार तथा तल्लो जातिमा देखिने हिनताबोधका सिमाहरु तोड्न अभियानहरु संचालन गरिने छ।

अपाङ्गता भएका व्यक्तिहरु, वृद्ध-वृद्धा आदि सबैको रोजगारी, सामाजिक सुरक्षा र सम्मानको व्यवस्था गरिने छ। परम्परागत लोक संस्कृतिको संरक्षण तथा विकासको लागि विभिन्न प्रतियोगिताहरुको आयोजना, वाद्यवाद्यनका सामाग्री हस्तान्तरण जस्ता कार्यक्रमहरु गरिने

छ। सामाजिक कार्य र संस्कारहरुको विकास र सहजीकरणको लागी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## इ) भौतिक पूर्वाधारको क्षेत्र

### क) सडक, पुल तथा झो.पु.

नगरपालिकाको नगर यातायात गुरुयोजना बनी सकेको सन्दर्भमा प्राथमिकताक्रम अनुसारका सडकहरुको निर्माण, स्तरोन्नती आदि कार्यहरु निरन्तर अगाडि बढाईने छ। वडा नं. १, २ र ३ जोड्ने सडकको निर्माण तथा स्तरोन्नतीमा विशेष जोड गरिने छ। मन्मै ठाँटि खोला मोटरपुलको ठेक्का प्रक्रिया अगाडि बढाई निर्माण कार्यको आरम्भ गरिने छ। प्रदेश तथा संघीय सरकारको समन्वयमा गिजागाड खोला र सालाघार खोलामा यहि आर्थिक वर्ष मोटर पुलको निर्माण सम्पन्न हुनेछ । खारखारा खोला, पुजा खोला, जंघार खोला, साझेबगर, जलिगाड, चोवाखोला, घट्टेखोला, मुना खोला, कुसुम खोला आदिमा मोटरपुलको DPR गराइ सर्वे डिजाईनको काम संघ तथा प्रदेश सरकारबाट गराउन पहल गरिने छ। विभिन्न ठाउँमा झोलुङ्गे पुल निर्माणको कार्य अगाडि बढाईने छ।

### ख) खानेपानी तथा सिँचाई

सबै खेतियोग्य जमिनमा सिँचाईको व्यवस्था गर्ने अभियान संचालन गरिने छ। एक घर एक धाराको कार्यक्रममा नगरको तर्फबाट समेत बजेट सहभागिता सुनिश्चित गरी काम अगाडि बढाईने छ। राडिज्युला खानेपानी आयोजनाको निर्माण प्रक्रियाको थालनी गरिने छ।

### ख) भवन तथा नीजि आवस सम्बन्धि नीति

विद्यालय लगायत सबै सार्वजनिक भवनहरु पक्की मात्र बनाईने नीति रहने छ । नगरपालिकाको भवन निर्माणको थालनी गरिने छ। असुरक्षित तथा फुसका छाना भएका सबै नीजि घरहरुमा टिनको छाना फेर्ने व्यवस्थाको थालनी गरिने छ। व्यवस्थित आवास क्षेत्रको निर्माणको थालनी गरिने छ।

## ङ) संस्थागत विकास सुशासन तथा सेवा प्रवाह सम्बन्धि नीति

सार्वजनिक प्रशासनलाई स्वच्छ, सेवामूखि, छरितो तथा पेशागत अनुशासन प्रति प्रतिवद्ध बनाईने छ। सेवा प्रवाहलाई छरितो बनाउन प्रविधिको प्रयोगमा विशेष जोड गरिने छ।

सार्वजनिक सम्पत्तिको लापर्वाहीपुर्ण प्रयोग गर्ने, स्वीकृती वेगर खर्च लेख्ने वा दायित्व सिर्जना गर्ने कार्यहरुलाई पूर्णतः निरुत्साहित गर्दै आर्थिक अनियमितता प्रति शुन्य सहन शिलताको नीति रहने छ। बजेट र सबै सार्वजनिक सम्पत्ति हामीले संरक्षण र सहि सदुपयोग गर्नु पर्ने जनताको नासो हो। यस प्रति लोभ देखाउने वा कुदृष्टि राख्ने जोकोहिलाई कार्वाहीको प्रक्रियामा लगिने छ।

सबै सार्वजनिक खरिद प्रक्रियाहरुलाई पूर्णत प्रतिस्पर्धात्मक बनाईने छ। सार्वजनिक निर्माणको कार्यमा जन सहभागिता सुनिश्चित गरिने छ।

सार्वजनिक सुरक्षाको प्रवन्ध गर्न सुरक्षा संयन्त्रको परिचालन र सहकार्यलाई थप व्यवस्थित गरिने छ।

अनावश्यक देखिएका दरवन्दी तथा कर्मचारीहरुको कटौति गरिने छ।

सूचना तथा तथ्याङ्क व्यवस्थापनको कामलाई थप व्यवस्थित गरिने छ। सबै शाखा/उपशाखा तथा वडा कार्यालयहरुबाट भएका कामहरुको मासिक प्रतिवेदन पेश गर्ने व्यवस्था गरिने छ। कार्यसम्पादन क्षमता अभिवृद्धिको लागि विभिन्न पेशागत तालिमहरु संचालन गरिने छ। प्राविधिक सेवाका कर्मचारीहरुलाई विभिन्न स्तरका तालिममा सहभागि हुने व्यवस्था मिलाईने छ।

कार्यालय व्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाईने छ। सार्वजनिक उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई तथा सबै कामकाजको सार्वजनिकरणको व्यवस्था गरिने छ।

सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सूचना प्रवाहका माध्यमहरु, रेडियो, छापा मिडिया, सामाजिक सञ्जाल आदिलाई प्रयोग तथा प्रोत्साहन गरिने छ।

राज्यको चौंथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रको विकास तथा प्रोत्साहनको व्यस्था गरिनेछ।

### उ) सहकारी, गरिबी निवारण तथा रोजगार व्यवस्थापन सम्बन्धी नीति

सहकारीहरुलाई प्रोत्साहन गर्दै उत्पादन मूलक क्षेत्रको मुख्य संगठन तथा समाजवाद उन्मूख अर्थव्यवस्थाको आधारको रुपमा विकसित गर्दै लगिने छ। गरिबी निवारणको लागि विभिन्न आर्यआर्जन मूलक कामहरुलाई व्यवस्थित गरिने छ।

कोरोना महामारी समेतले सिर्जना गरेका रोजगारी क्षेत्रमा समस्याहरु समाधान गर्न विशेष पहल गरिने छ। स्वरोजगार मूलक उद्यमहरुको विकासमा जोड गरिने छ। सार्वजनिक निर्माणको क्षेत्रमा रोजगारी सिर्जना हुने गरि व्यवस्थापन गरिने छ। प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजागार कार्यक्रमको प्रभावकारी संयोजन गर्न रोजागार व्यवस्थापन गर्न रोजगार सूचना तथा व्यवस्थापन इकाई संचालन गरिने छ।

### ऊ) सरकारी तथा गैर सरकारी संस्था सम्बन्धि नीति

नगरपालिका क्षेत्रमा कार्यान्वयन हुने विभिन्न तहका सरकारहरुको योजना तथा कार्यान्वयनको अवस्थाको अनिवार्य अभिलेखिकरणको व्यवस्था गरिने छ। योजनाहरुको अनुगमन तथा मुल्यांकनमा नगरपालिकाको सहभागिता हुने व्यवस्था गरिनेछ। सबै गैर सरकारी क्षेत्रका संघ संस्थाहरुले नगरपालिकामा कार्यान्वयन हुने आयोजनाहरुको बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउने प्रबन्ध गरिने छ।

### ए) समन्वय तथा सहकार्य सम्बन्धि नीति

संघ, प्रदेश र स्थानीय तह बीच समन्वय, सहकार्य र सह-अस्तित्वको अवस्था सिर्जना गर्न सके मात्र संघीय व्यवस्था भित्र जनताका अपेक्षाहरु सजिलो संग पूरा गर्न सकिन्छ। तर्सथ नगर सरकार माथिल्लो तहका सरकारहरुसँग सहकार्य र समन्वय गर्न निरन्तर प्रयत्नरत रहने छ। साथै एक समन्वय इकाई नै खडा गरी कार्य गरिने छ।

अन्त्यमा यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्रदान गर्नुहुने आठविसकोट नगरवासी सम्पूर्ण जन समुदायप्रति हार्दिक आभार व्यक्त गर्दछु। नगरपालिकाको समृद्धिको सपना पूरा गर्न अहोरात्र क्रियाशील सबै जनप्रतिनिधिहरु, राष्टसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

यो नीति तथा कार्यक्रम निर्माणमा विशेष मार्गदर्शन गर्नुहुने तथा नगर बासीका समस्या र अफ्टयाराहरु हटाउन निरन्तर नगरपालिकासँग सहकार्य गर्नुहुने संघीय प्रतिनिधि सभाका सदस्य मा. जनार्दन शर्मा (क.प्रभाकर) लगायत प्रतिनिधी सभा तथा राष्ट्रिय सभाका माननिय सदस्य ज्यूहरुलाई यो अवसरमा यहाँका जनताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। बजेट नीति तथा कार्यक्रम निर्माणका लागि कर्णाली प्रदेश सभामा यस निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुनु हुने माननिय रातो कामी लगायतका प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यज्युहरु तथा जिल्ला समन्वय समिति, रुकुम (पश्चिम)का प्रमुख राजकुमार शर्मा प्रति आभार व्यक्त गर्दछु।

बजेट, नीति तथा कार्यक्रम निर्माणका क्रममा रचनात्मक र महत्वपुर्ण सुझावहरु पेश गर्नुहुने विभिन्न संघ संस्थाहरु, शाखाहरु, राजनैतिक दलहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

**धन्यवाद !!!**

प्रमाणित गर्ने अधिकारी
दस्तखत:...............
नाम, थर : गोर्ख बहादुर के.सी.
पद : नगर प्रमुख
कार्यालय : आठविसकोट नगरपालिकाको कार्यालय
मिति: २०७७/०४/०४ गते

# आर्थिक वर्ष २०७७/०७८ को

# बजेट वक्तव्य

## आठबिसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

नगर सभाको बैठकमा मिति २०७७ साल असार २८ गते आईतबार

नगर उप-प्रमुख श्री गीता नेपालीले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७।०७८

# को

# बजेट तथा कार्यक्रम (बज़ेट वक्तव्य)

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुकुम पश्चिम, कर्णाली प्रदेश

नेपाल

२०७७

१. आठविसकोट नगरपालिकाको यस गरिमामय आठौं नगर सभामा, नगरसरकारको तर्फबाट चौथो पटक नगर उपप्रमुखको हैसियतमा म आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा म नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, न्याय र समानताको लागि आफ्नो प्राणको आहूति दिनु हुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । देशको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लागि क्रियाशिल सबै अग्रज व्यक्तित्वहरु र घाईते योद्धाहरुमा उच्च सम्मान व्यक्त गर्दछु ।

३. कोभिड-१९को विश्वव्यापी महामारीले सम्पूर्ण विश्वको अर्थतन्त्रमा गहिरो प्रभाव पार्दै लगेको छ । रोजगारी र उत्पादनका क्षेत्रमा व्यापक कमी आउने स्पष्ट भैसकेको छ । गाउँहरुको समेत विश्वव्यापी अन्तर आवद्धताको आजको स्थितिमा यसको गहिरो र नकारात्मक प्रभाव दुर दराजसम्म पर्दै गएको छ ।

४. यस प्रकारको शताव्दी कै सर्वाधिक कठिन समयमा नागरिकको जीवन रक्षा गर्नु हाम्रो सबै भन्दा मुख्य दायित्व हो भन्ने कुरा गहिरो गरी महशुस गरेको छु । भौगोलिक विषमता र बिकटता, गरिवी, पछौंटेपना आदि समस्याका बीच यो महामारीको सामना गर्दै जनतामा आशा र भरोसाको सञ्चार गर्नु साँच्चिकै चुनौतिपूर्ण छ । यी र यस्तै चुनौतिहरुको सामना गर्न, नागरिकको जीवन रक्षा, रोजगारी र उत्पादनका विषयवस्तुहरु यो बजेटको केन्द्र बिन्दुमा रहने छन् ।

५. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको जग स्थानीय स्तरमा कसरी खडा गर्ने भन्ने विषयमा गहिरो गरि विचार गरेको छु । नेपालको १५औं योजना, कर्णाली प्रदेश सरकारको प्रथम पन्च वर्षिय योजना, नगरपालिकाले पारित गरेका विभिन्न कानुनहरु, नगरपालिकाद्वारा तय गरिएका विभिन्न क्षेत्रका नीतिहरु, दिगो विकासका लक्ष्यहरु, जिल्लाबाट विभिन्न तहमा प्रतिनिधित्व गर्नु हुने जन प्रतिनिधिहरुबाट प्राप्त सल्लाह र सुझावहरुलाई मनन गरेको छु । "**समृद्ध गाउँ- शहरको रहर - स्वस्थ, सुशासनयुक्त, समन्यायिक र समाजवाद उन्मुख आठविसकोट नगर**" बनाउने नगरवासीको सपनालाई यो बजेटमा प्रतिविम्वित गर्न सम्पूर्ण प्रयासहरु केन्द्रित गरेको छु ।

अध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।

गोर्खबहादुर रो.ची.
नगर प्रमुख

६. चालु आ.व २०७६/७७ को लागि पुँजीगत तर्फ सबै आयोजनाहरु लक्ष्य अनुसार नै निर्माण सम्पन्न भएका छन् । यस क्रममा शिक्षा तर्फ १० वटा नयाँ पक्की विद्यालय भवनहरु निर्माण सम्पन्न भएका छन् । शहिद स्मृति नमुना माध्यमिक विद्यालयको पूर्वाधार निर्माणको लागि ६ करोडको ठेक्का लागि निर्माण कार्य तीव्र बढेको छ । नमूना विद्यालयको लागि प्रस्ताव गरिएका हिमालय माध्यमिकविद्यालय खदि, कालिका माध्यमिक विद्यालय सुन्दरपानी, ज्ञानोदय माध्यमिक विद्यालय चौतारा र गाउँबारी आधारभुत विद्यालय, घेत्मा लगाएतका विद्यालयहरुको निर्माण प्रक्रिया अगाडि बढेको छ। २०७६ फाल्गुन महिनासम्म विद्यालयहरुका सम्पूर्ण गतिविधिहरु सुचारु भएका छन । अघिल्लो वर्षको तुलनामा यस वर्ष विद्यालयको समग्र अवस्था थप व्यवस्थित र उपलब्धीमुलक रहेका छन् ।

७. वडा नं. १ र २ मा मोटर बाटो जोड्ने कार्य बाँकी रहेकोमा वडा नं. ३ को खदि देखि ओख्लेसम्मको सडकका लागि रु.१० करोडमा २ वटा ठेक्का सम्झौता भई निर्माण कार्य सुरु भै सकेको छ । गत आर्थिक वर्षमा ठेक्का लागेको विभिन्न ४ वटा सडक निर्माण सम्पन्न भएका छन् । दर्जनौं अरु नयाँ कृषि सडकहरु निर्माण भएका छन् । वडा नं. ९ को ठाँटी खोला-मन्मैको मोटरपुलको सर्भे डिजाइनको कार्य सम्पन्न भै यहि आर्थिक वर्षमा ठेक्का लाग्ने क्रममा रहेको छ। नगरपालिकाको समग्र यातायात क्षेत्रको गुरुयोजना (MTMP) तयारीको अन्तिम चरणमा रहेको छ। ७८ किलोमिटर सडक स्तरोन्नती, १५० मीटर पुल निर्माण र ५५ मिटर कज वय तथा ३० किलोमीटर नयाँ सडक निर्माण गर्न सके सबै वडाहरुमा बाह्रै महिना चल्ने मोटर बाटो तयार हुने र यसको लागि एक अर्ब बजेट लाग्ने देखिएको छ। २०८२ सम्म यो कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडी बढाइएको छ । यस वर्ष नगरपालिकाका विभिन्न ३ स्थानमा झोलुङ्गे पुल तथा ५ वटा ट्रस ब्रिजहरुको निर्माण सम्पन्न भै संचालनमा आएका छन र थप १८ वटा झोलुङ्गे पुलको डिजाईन स्टामेट तयार भै निर्माण प्रक्रियाको थालनी हुँदैछ । झोलुङ्गे पुल निर्माणमा यो नगरपालिका यस वर्ष नेपाल मै पहिलो भएको छ ।

८. नगर अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा पुग्दै छ । २५ शैयाको व्यवस्थित र स्तरीय अस्पतालको संचालन पछि नगरवासीले गुणस्तरीय स्वास्थ्य सेवा पाउने स्थिति सिर्जना हुँदैछ । नगरपालिकाका सबै वडाहरुमा शहरी स्वास्थ्य इकाई निर्माणको काममा उल्लेख्य प्रगति भएको छ । शहरी स्वास्थ्य इकाई तर्फका ९ वटा भवनहरु

निर्माणाधीन अवस्थामा रहेका छन। कोरोना कहर र लकडाउनका बीच पनि १० दिन मै गुणस्तरीय१५शैयाको कोरोना आइशोलेसन भवन निर्माण सम्पन्न गरीएको छ। नगरपालिकाका सबै गाउँबस्तीहरुमा खोप तथा आधारभुत स्वास्थ्य सेवाहरु नियमित रुपमा संचालनमा रहेका छन् ।

९. कृषीतर्फ सबै कार्यक्रमहरु उत्साहजनक रुपमा सम्पन्न भएका छन। यस क्रममा थप १२ हजार किबीका विरुवाहरुको बगैचाहरु बनेका छन। ४४ हजार टर्किस च्यान्डलर जातका ओखरका विरुवाहरु वितरण भई बगैचाको निर्माण भएका छन। नगरपालिकाको वडा नं ४ र ५, गोतामकोटमा ७ करोडको लागतमा बृहत सिंचाई सहित नमुना कृषि गाउँ बन्ने क्रममा रहेको छ । टिम्मुर, मसला बाली, कागती, सुन्तला लगायतको विरुवा वितरण भएको छ । दुध उत्पादन तथा बजारीकरणको लागि उद्योग स्थापनाको क्रममा रहेको छ । थुप्रै पक्की सिँचाइ कुलोहरु निर्माण सम्पन्न भै संचालनमा आएका छन। कृषी क्षेत्रका यी उल्लेखित कार्यहरुमा संघ तथा प्रदेश सरकारको उल्लेखनीय साझेदारी रहेको छ ।

१०. फलफूल र काष्ठ उद्योग संचालनको अन्तिम विन्दुमा पुगेका छन । कोरोना महामारीको कारण यी उद्योगहरुको सामानहरु आउन केही ढिला भए तापनि आईपुगेका छन । मसला उद्योगको एक चरणको परिक्षण सम्पन्न भएको छ । गार्मेन्ट, साबुन तथा ब्लक उद्योग आंशिक रुपमा संचालनमा रहेका छन् । वडा नं. ९ को राडि बजारमा सुइटर बुनाइ उद्योग संचालनमा आउदै छ । यी सबै उद्योगहरु संचालनमा विद्युतआपूर्तिको समस्या रहेकोमा अवको एक महिनाभित्रमा केन्द्रीय विद्युत लाईन संचालनमा आउने क्रममा रहेको छ ।

११. पर्यटन पूर्वाधारको निर्माणमा यो वर्ष केही उल्लेखनीय कामहरु भएका छन् । वडा नं. १ र २ मा साइकुमारी मन्दिर निर्माण तथा अन्य पर्यटकिय पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । वडा नं. ४ को गोतामकोटमा आत्रेय ऋषिको आश्रम क्षेत्रमा ५०१ वटा सिँढी निर्माण सम्पन्न भै मन्दिर निर्माण समेत अगाडी बढेको छ । यी सबै पूर्वाधार निर्माणमा समेत स्थानिय तह, प्रदेश र संघको संयुक्त लगानी भएको छ ।

१२. कोरोना महामारी नियन्त्रण तथा भाइरस रोकथामका लागि पूर्व तयारीका विभिन्न क्षेत्रमा नगरले उल्लेखनिय कार्यहरु गरेको छ ।लकडाउनको कार्यान्वयन, क्वारेन्टाइनहरुको निर्माण, व्यवस्थापन तथा संचालन, RDT/ PCR परिक्षणहरु,

आइशोलेसन अस्पतालको निर्माण, देश तथा विदेशका विभिन्न स्थानहरुमा अलपत्र मानिसहरुको उद्धार, विपन्न परिवारहरुमा राहत वितरण, सबै घर परिवारमा तरकारीकोविउविजनका किट, साबुन र मास्क वितरण तथा संभावित खाद्य संकट, भोकमरी तथा बेरोजगारीलाई ध्यान दिंदै १० हजार घरपरिवारलाई श्रम सहकार्य समूहमा आवद्ध गरि एक साताको रोजगारी र ५० किलोग्राम चामल र ३ किलोग्राम नुन कामका लागि खाद्यान्न कार्यक्रमको रोजगारीको ज्याला स्वरुप वितरण गर्ने कार्य सम्पन्न भएको छ। यी कामहरुले जनतालाई संकट तथा आपत विपदको घडीमा घरदैलोमा स्थानीय सरकार उपस्थित भएको अनुभूती दिलाएका छन् ।

अध्यक्ष महोदय,

अब म नगरपालिकाको विद्यमान यथार्थ अवस्थालाई प्रस्तुत गर्दछु ।

१३. कर्णाली प्रदेश कै सबै भन्दा ठूलो यस नगरपालिका जैविक तथा भौगोलिक विविधताले भरिपूर्ण रहेको छ । यस नगरपालिकामा जंगल, जडिबुटी, जलश्रोत र खेतीयोग्य जमिन प्रशस्त मात्रामा रहेको छ । यी श्रोतहरुको समुचित र योजनाबद्ध प्रयोगबाट समाजवाद उन्मुख सम्वृद्धि प्राप्त गर्न सकिने प्रचुर संभावना रहेको छ ।

१४. रुकुम (पश्चिम) जिल्लाको ४६ प्रतिसत भू-भाग ओगटेको यस नगरपालिकामा औसत जनघनत्व ६० जना प्रति वर्ग किलोमिटर रहेको छ । कर्णाली प्रदेशको औंसत जनघनत्व ६५ जना प्रति वर्ग किलोमिटर भन्दा यो थोरै मात्र न्यून हो ।

१५. बहुआयामिक गरिवीको दर नेपालको औंसत २८.६% रहेकोमा यस नगरपालिकाको ५१% रहेको छ । यो दर कर्णाली प्रदेश कै बराबरीमा रहेको छ । यस अर्थमा यो नगरपालिका रुकुम (पश्चिम) को कर्णाली जस्तै हो ।

१६. नगरपालिकामा बेरोजगारीको दर पनि उच्च रहेको छ । दलित समुदाय तथा विपन्न समुदायको सघन बसोवास रहेको छ । यो समुदाय नगरपालिकाको कुल जनसंख्याको ३४ प्रतिसत रहेकोछ । गरिबि, कुपोषण, बेरोजगारी, लैङ्गिक तथा घरेलू हिंसा, सामाजिक तथा जातिय विभेद जस्ता समस्याहरु पनि चर्को रुपमा रहेका छन् ।

१७. उत्पादकत्व, बचत, मानव विकास, औसत आयु, प्रति व्यक्ति आय आदि सबै सूचकहरुमा यस नगरपालिका देशको औसत अवस्था भन्दा ज्यादै न्युन रहेको छ। यी उल्लेखित अवस्थाहरुको बाबजुत, जनताको एकता, श्रम र उत्पादनबाट मात्र समाजवादको जग खडा गर्न सकिने विश्वास लिएको छु ।

अध्यक्ष महोदय

अब म आर्थिक वर्ष २०७७।०७८ को वजेटका मुख्य उदेश्यहरु प्रस्तुत गर्दछु ।

१८. शिक्षा प्रणलीको समग्र सुधार गर्दै उत्पादनशिल तथा संस्कारयुक्त नागरिक निर्माण गर्ने ।

१९. स्वास्थ्यमा सक्षम प्रणाली तथा पूर्वाधार विकासमा सुधार गरी कोरोना लगायतका सबै आधारभुत स्वास्थ्य समस्याको सामना गर्न सक्षम बनाउने ।

२०. सडक तथा सडक पुलहरुको निर्माण गर्दै जनताको आर्थिक तथा सामाजिक गतिबिधिलाई सहज र तीव्र बनाउने ।

२१. कृषि क्षेत्रको विकास गर्दै कृषि उत्पादनमा आत्मनिर्भर तथा निर्यात उन्मूख बनाउने ।

२२. विभिन्न निर्माणधिन उद्योगहरुको संचालन र व्यवस्थापन गर्दै औद्योगिक उत्पादनहरुको निर्यातको थालनी गर्ने ।

२३. सामाजिक सुरक्षा, सद्भाव र सहिष्णुता सहित आम सामाजिक, साँस्कृतिक रुपान्तरणको क्रियालाई तिव्र बनाउने ।

२४. बजेटका यी उल्लेखित उद्देश्यहरु प्राप्त गर्न मैले देहायका क्षेत्रगत तथा कार्यक्रम गत प्राथमिकताहरु निर्धारण गरेको छु ।

क. विद्यालयको भौतिक पूर्वाधारहरुको तिव्र रुपमा निर्माण गर्ने र गुणस्तरीय शिक्षाको लागि आधार तयार गर्ने । कोरोना महामारीले शिक्षा क्षेत्रमा पार्न सक्ने प्रभावको न्यूनीकरणको लागि विभिन्न वैकल्पिक व्यवस्था अँगाल्दै बालबालिकाको पढाई सुनिश्चित गर्ने ।

ख. स्वास्थ्य पूर्वाधारको निर्माणलाई यथाशक्य छिटो गर्दै आधारभूत स्वास्थ्यको संरक्षण तथा महामरीको सामना गर्न योग्य बनाउने ।

ग. कृषि, उद्योग र पर्यटन क्षेत्रका कामहरुलाई तीव्र बनाई नगरपालिकालाई आर्थिक सम्वृद्धीको बाटोमा लैजाने ।

घ. सडक पूर्वाधारको विकासलाई तीव्र बनाई अबको ५ वर्षभित्र अर्थात आ.व. २०८१।०८२ सम्म सबै वडाको केन्द्रसम्म बाह्रै महिना चल्ने मोटर बाटो बनाउने ।

ङ. कर्मचारी, जन प्रतिनिधि लगायतको कार्य सम्पादन क्षमता वृद्धी गर्न जोड गर्ने ।

च. जनताको एकता, श्रम, उत्पादन र सामाजिक, साँस्कृतिक रुपान्तरणको अभियानलाई तीव्र बनाउने ।

अध्यक्ष महोदय,

यी उल्लेखित उद्देश्य र प्राथमिकताहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिम क्षेत्रगत बजेट विनियोजन गरेको छु ।

## २५. शिक्षा, युवा तथा खेलकुद क्षेत्र

कोभिड-१९ को कारणले बन्द भएका विद्यालयहरुलाई आवश्यक सुरक्षाको प्रबन्ध गरि यथाशक्य छिटो आंशिक रुपमा संचालनको व्यवस्था गरिने छ । पूर्ण रुपमा विद्यालय संचालनमा आउने वित्तिकै कयौं बिदाहरु कटौती गरि नियमित श्रपमा पठनपाठन गर्ने प्रबन्ध गरिनेछ। शैक्षिक सुधारको लागि जारी रहेका क्रियाकलापहरु निरन्तर रहने छन् ।

शहिद स्मृति नमूना माद्यमिक विद्यालय र दिपज्योती आधारभुत विद्यालयलाई एकापसमा समायोजन गरी नगरपालिकाको केन्द्रिय विद्यालयको रुपमा विकास गरिने छ। निर्माणधिन विद्यालयका भवनहरुको निर्माण सम्पन्न गरिने छ । थप विभिन्न ११ वटा आधारभूत विद्यालयमा ४ कोठे पक्की भवन निर्माण गरिने छ। स्थानिय पाठ्यक्रम निर्माण तथा प्रयोग गरिने छ । बालकल्याण माध्यमिक विद्यालय, राडी र ज्ञानोदय माध्यमिक विद्यालय, गोतामकोटमा संचालनमा रहेको प्राविधिक धारको शैक्षिक कार्यक्रमको लागि नगद अनुदान दिईने छ ।वडा नं. १, २ र १३ मा कक्षा १० सम्मको पठनपाठन संचालन गरिने छ। नगरपालिकामा रहेको एक मात्र क्याम्पसको जग्गा खरिद तथा भौतिक पूर्वाधारको निर्माण गरिने छ । विद्यालयहरुलाई सूचना प्रविधीमैत्री बनाउँदै लगिने छ ।पठनपाठनका लागि विद्यार्थीहरुलाई पुर्याउन विद्यालयसम्म पुर्याउन यातायातका साधनको व्यवस्था गरिने छ । उच्च शिक्षातर्फ प्राविधिक धारमा दिईदै आएको छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईने छ ।

राष्ट्रका लागि खेल : स्वास्थ्यका लागि खेल भन्ने मुल नाराका साथ खेल क्षेत्रको विकासका लागि यस आर्थिक वर्षमा नगरपालिकाका सबै वडाहरुमा १ वडा १ खेल मैदान निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाइनेछ । खेल क्षेत्रमा लागि परेका खेलाडीहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तालिमहरु सञ्चालन गरिनेछ । विद्यालय स्तरका खेलकुद प्रतियोगिताहरुलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । सबै वडाहरुमा युवाहरुलाई संगठित बनाई उनीहरुको सीप,

कला र क्षमता तथा अनुभव आदानप्रदान गरी सुमार्ग तीर प्ररित गर्न युवा क्लव दर्ता र सञ्चालन गर्ने कार्यको सुरुवात गरिनेछ ।
शिक्षा, युवा तथा खेलकुद क्षेत्रका उल्लेखित कार्यक्रमहरुको लागि रु ३३ करोड ३२ लाख ७० हजार २ सय रुपैयाँ विनियोजन गरेको छु ।

## २६. स्वास्थ्य क्षेत्र

नगर अस्पताललाई पूर्ण क्षमतामा संचालन हुने व्यवस्था गरिने छ । उक्त अस्पतालमा हाडजोर्नी, प्रसुति र डेन्टल सेवा समेत स्तरवृद्धी गरिने छ। निर्माणाधिन १० वटै आधारभूत स्वास्थ्य इकाइका भवनहरुको निर्माण सम्पन्न गरिने छ । खोप तथा औषधीको आपूर्ती व्यवस्थापनलाई थप प्रभावकारी बनाईने छ । विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिने छ । सामाजिक संघ संस्थाहरुसंगको सहकार्यमा थप एक एम्बुलेन्सको व्यवस्था गरी विरामीले सहज र सरलताका साथ छिटो छरितो ढङ्गले स्वास्थ्य उपचार पाउने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।अस्पतालमा कार्यरत स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको तलब भत्ता आवश्यक मात्रामा वृद्धी गरिने छ । स्वास्थ्य सूचना प्रणालीलाई सक्षम, व्यवस्थित र प्रभावकारी बनाईने छ । यी सबै कार्यक्रमहरुको लागि रु. १३ करोड ४६ लाख ७५ हजार रकम विनियोजन गरेको छु ।

## २७. कृषि, पशुपन्छी तथा सहकारी क्षेत्र

**"खेतीयोग्य जमिनमा पानी र प्रविधी : कृषकहरुको सहकार्यमा समाजवाद उन्मुख सम्वृद्धी"** भन्ने नाराको अधिनमा रहि कृषी क्षेत्रमा विभिन्न कार्यक्रमहरु परिचालित हुनेछन । वडा नं. ४ र ५को सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा यहि आर्थिक वर्षमा पुर्याइने छ । गोतामकोटलाई नमुना कृषी गाउँको रुपमा विकास गरिने छ । उच्च पहाडी भू-भागमा पोखरी सिंचाईको व्यवस्था गरिनेछ । विभिन्न ठाउँहरुमा पक्की कुलो निर्माणको कार्यक्रम जारी राखिने छ । कृषी तथा पशु कार्यालयको सबलीकरण गर्दै थप ५ वटा सेवा केन्द्र स्थापना गरिने छ । बाली संरक्षण, कृषि प्रचारप्रसार आदि कार्यलाई प्राथमिकतामा राखिनेछ । किवी, दाँते ओखर, सुन्तला, मसला बालीको पकेटहरुको बिस्तार गरि ब्लकहरु निर्माण तर्फ अगाडि बढाइनेछ । किसान समूह तथा सहकारीहरुको गठन तथा परिचालनमा विशेष जोड गरिनेछ ।

भेडा तथा बाख्रापालन व्यवसायलाई व्यवस्थित गरिनेछ । भैसी, गाई र बाख्रामा कृत्रिम गर्भधारण गराई नश्ल सुधार गर्ने प्रक्रियाको यहि आर्थिक वर्षबाट थालनी गरिनेछ । कालिज तथा लोकल कुखुरा पालक किसानहरुको लागि अनुदानको व्यवस्था गरिनेछ । किसानहरुलाई प्राविधिक सहयोग व्यापक बनाउदै प्रविधी हस्तान्तरणको कार्यक्रम राखिनेछ । तालिम, प्रदर्शनी, भ्रमण आदि कार्यक्रम गरिने छ ।

प्रदेश तथा संघीय सरकारसंगको सहकार्यलाई थप व्यवस्थित गरिनेछ । उपरोक्त कार्यक्रमहरु संचालनको लागि संघ तथा प्रदेशको साझेदारीमा श्रोत व्यहोर्ने गरि रु. ६ करोड २७ लाख रकम विनियोजन गरेको छु ।

## २८. उद्योग, व्यापार

"**स्थानीय स्रोतसाधन र सीपमा आधारीत उद्यममा वृद्धि : आठविसकोट नगरपालिकामा स्वरोजगार सहितको सम्वृद्धी**"को नारालाई मुर्त रुप दिन विभिन्न स्तरका तालिमहरु, स-साना उद्यमहरुको लागि प्रविधि हस्तान्तरण, उद्योग संचालनको लागि पूर्वाधार निर्माणमा सहयोग, सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान जस्ता कार्यक्रमहरु संचालन गरिने छन् ।

निर्माणधीन अवस्थामा रहेका कर्णाली बेभरेज, कर्णाली टिम्बर कम्पनी, निर्माण सामाग्री उत्पादन उद्योग, ड्राईफुड उद्योग, गार्मेन्ट उद्योग आदिलाई संचालनमा ल्याउन वित्त व्यवस्थापन एवं अनुदानको व्यवस्था गरेकोछु । यसै आर्थिक वर्ष देखि नगरपालिका दुग्धजन्य पदार्थको उत्पादन र निकासीको थालनी गरिने छ ।

स्वीटर, ट्राउजर, ज्याकेट, मास्क, स्यानीटरी प्याड, विद्यालयका केटाकेटीको पोसाक आदि उत्पादनहरुमा आत्मनिर्भर बन्ने प्रयासको थालनी गरिनेछ । यस क्षेत्रबाट व्यापक रोजगारीको सिर्जना गरिनेछ ।

उपभोक्ता हित संरक्षण तथा मुल्य नियन्त्रणको लागि निरन्तर अनुगमन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । उल्लेखित कार्यक्रमहरु संचालनको लागि रु. २ करोड २७ लाख विनियोजन गरेको छु

## २८. खानेपानी तथा सिँचाइ

यस आर्थिक वर्षमा सवै वडाहरुमा स्वच्छ खानेपानीको प्रवन्ध गरिने छ । सञ्चालनमा रहेका एक घर एक धारा आयोजनालाई प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । बस्ती स्तरमा स-साना मुल संरक्षण, सानो लागतमा

सम्पन्न हुने खानेपानी आयोजना, खानेपानी मर्मत कार्यलाई निरन्तरता दिइनेछ । विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका राडी बजार तथा सिमबजारको खानेपानी आयोजना सुरुवातका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ । यी कार्यहरुका लागि रु. २० लाख विनियोजन गरेको छु ।

## २९. वन, भू-संरक्षण तथा वातावरण

यस वर्ष वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रमलाई निरन्तरता दिईनेछ । वनजन्य उत्पादनको परिचालनबाट रोजगारीको सिर्जना गर्न तथा नयाँ वन क्षेत्रको विस्तार गर्न वृक्षारोपण कार्यक्रम संचालन गरिने छ । वनको अनाधिकृत प्रयोग रोक्न वन सुरक्षाको प्रवन्धको लागि साविक स्याला खदिको वन क्षेत्रमा नगर प्रहरीको पोष्ट राखिने छ । वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको संचालन गरि थप रोजगारी प्रवर्द्धन गरिने छ ।

सडक तथा अन्य सार्वजनिक निर्माणको क्रममा वातावरणमा पर्न जाने प्रभावको मुल्याकन गरि क्षति न्युनीकरणका उपायहरु अपनाइने छ । राडि बजारको फोहोर व्यवस्थापनको लागि बनेको ल्यान्डफिल साइड क्षेत्र नजिकै नगरपालिकाको प्रशासनिक भवन तथा विद्यालय बन्न थालेकोले उपयुक्त अर्को ठाउँमा ल्याण्डफिल साइड बनाउन संभाव्यता अध्ययन गरिने छ ।

नदी कटान तथा बाढी पहिरोले निरन्तर रुपमा क्षति गरिरहेको छ । यो समस्या विकराल बन्दै गएको छ । यसबाट भू-स्वरुप जोगाउनका लागि भू-संरक्षणका विभिन्न उपाय अपनाउदै नदी किनारा तटबन्ध निर्माण गरिने छ ।

उल्लेखित कार्यक्रम संचालनको लागि संघ र प्रदेश सरकारको सहकार्य तथा साझेदारीमा खर्च व्यहोर्ने गरि नगर सरकारको तर्फबाट आवश्यक बजेट विनियोजन गरेको छु ।

## ३०. पूर्वाधार विकास

नगरपालिकाको यातायात क्षेत्रको गुरुयोजना (MTMP) निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । यस गुरुयोजनाले नगरपालिकाका सबै वडाहरुमा बाहै महिना संचालनमा आउने सडक निर्माणको लागि एक अर्ब खर्च लागत तथा करीब ५ वर्ष

(आ.व.२०८१/०८२ सम्म) समय लाग्ने देखाएको छ । यसको लागि हामीले ७८ किलोमिटर बाटोको स्तरोन्नती गर्नुपर्ने, १५० मिटर सडक पुल निर्माण गर्नु पर्ने तथा ३० कि.मी. नयाँ बाटो निर्माण गर्नुपर्ने देखिएको छ । प्रदेश तथा संघीय सरकारसंगको सहकार्यमा सडक गुरुयोजना कार्यान्वयनमा यो वर्ष देखि सघन रुपमा पहल गरिने छ । खदि देखि ओख्लेसम्म २० कि.मी नयाँ सडक खन्ने कार्य यहि आर्थिक वर्ष पूरा गरिनेछ । वडा नं. १, २ र ३ जोड्ने बाटोको स्तरोन्नती तथा पहाडा-नयाँडाडा-पाटागाउँ जोड्ने सडक निर्माण गरिने छ । वडा नं. ९ को ठाँटि खोला-मन्मै जोड्ने भेरी नदीमा सडक पुलको ठेक्का आव्हान गरि निर्माण कार्यको थालनी गरिने छ । खारखारा खोला, पुजाखोला लगाएत विभिन्न स्थानमा सडक पुलको डिजाईन स्टामेटको कार्य अगाडि बढाईनेछ। हालको नगरपालिकाको प्रशासनिक भवन रहेको स्थान नजिकै गिजागाड खोला, वडा नं.१० को सालागार खोला, घेत्मा खोला र पिपलचौर खोलामा संघ तथा प्रदेश सरकारको तर्फबाट यहि आर्थिक वर्ष सडकपुलको निर्माण कार्य सम्पन्न हुनेछन् । नगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माणको कार्य थालनी गरिने छ । फुसका छाना भएका जोखिमयुक्त घरहरुमा जस्ताको छाना फेर्ने कार्यक्रम संचालन गरिने छ ।

उल्लेखित कार्यहरुको लागि नगर सरकारको तर्फबाट रु. १७ करोड ३० लाख रकम विनियोजन गरेको छु ।

## ३१. पर्यटन तथा धार्मिक साँस्कृतिक क्षेत्र

पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन र निर्माणाधिन पर्यटन पूर्वाधार विकासको निर्माण कार्य सम्पन्न गर्ने कार्यक्रम राखिएको छ । यस क्रममा आत्रेय ऋषि मन्दिर तथा साइकुमारी मन्दिरको निर्माण कार्य सम्पन्न गरिने छ। मैडाँडा - जलजला - काँडादह - सिस्नेहिमाल - चित्रिपाटन हुदै गोतामकोटसम्मको पर्यटन पदमार्गको संभाव्यता अध्ययन गरिने छ । सुर्खेत देखि छेपारेसम्मको जल यातायातको संभाव्यता अध्ययन गरिने छ ।

स्थानीय कला संरक्षणको लागि विभिन्न परम्परागत बाजागाजा वितरण गरिने छ । मौलिक लोक गीत र लोक नाँचहरुको संरक्षण तथा प्रोत्साहनको व्यवस्था गरिने छ । समग्र पर्यटन क्षेत्रको पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने गरी आवश्यक रकम व्यवस्था गरेको छु ।

## ३२. शहरी पूर्वाधार तथा आवास

नगरपालिकाको वडा नं. ९ को राडी बजार तथा वडा नं. ११ को सिम बजार क्षेत्रमा शहरी पूर्वाधार विकासमा जोड गरिने छ । वडा नं. ९ मा रहेको ल्याण्डफिल साइडको वैकल्पिक व्यवस्था गरिने छ । नगरपालिका क्षेत्रका सबै वडाहरुमा सुरक्षित आवासको लागि फुसका छाना हटाउने कार्यक्रम अगाडि बढाइनेछ । राडी बजार भित्र एक सुविधा सम्पन्न सपिङ मलको सम्भाव्यता अध्ययन गरिने छ। यी कार्यहरु संचालनको लागि प्रदेश तथा संघीय सरकारको सहकार्यमा रु ३ करोड खर्च हुने व्यवस्था गरेको छु ।

## ३३. लक्षित वर्ग

महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति, अपांगता भएका व्यक्ति, शहिद परिवार लगायतका लक्षित वर्ग समुदायको क्षमता अभिवृद्धि, आयआर्जन तथा भौतिक संरचना निर्माण लगायतका कार्यमा सहयोग पुर्याउने हेतुले लक्षित वर्ग समुदायको माग र आवश्यक्ताका आधारमा विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइनेछ । लक्षित वर्गलाई राज्यको मुल प्रवाहीकरणमा ल्याउनु स्थानीय सरकारको मुख्य दायित्व रहेकाले यस वर्ष रु. १ करोड १० लाख ७५ हजार विनियोजन गरेको छु ।

## ३४. उर्जा

संघ तथा प्रदेश सरकारको सहयोगमा सबै वार्डमा केन्द्रिय विद्युत लाईन विस्तार सम्पन्न गरिने छ। निर्माणाधिन कालाखोला जलविद्युत आयोजना सम्पन्न गरिने छ । उर्जामा आत्मनिर्भर हुने नीति रहने छ। हाल सञ्चालनमा रहेका साना जल विद्युत आयोजनाहरुको मर्मत सम्भारमा ध्यान दिईने छ । उपरोक्त कार्यहरुको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

## ३५. सुचना तथा सञ्चार प्रविधी

नेपाल टेलिकमसँगको सहकार्यमा निर्माणाधिन टेलिफोन टावरहरुको निर्माण तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न गरिने छ । वडा नं. ९ को राडी बजार तथा वडा नं. ११ को सिम बजार क्षेत्रमा ल्याण्डलाईन फोनको व्यवस्था गरिने छ । सञ्चारको

वैकल्पिक व्यवस्थाको लागि रेडियो सेट खरिद गरी प्रयोगमा ल्याईने छ । मध्य पहाडी लोकमार्गको चाईना बगर देखि राडी बजारसम्म अप्टिकल फाईबर लाईन जडान गर्न आवश्यक पहल गरिने छ । रेडियो नयाँ नेपालको क्षमता वृद्धि गरिने छ । यी सबै कार्यहरुको लागि रु २५ लाख विनियोजन गरेको छु ।

## ३६. विपद् व्यवस्थापन तथा पुनःस्थापना

नगरपालिका भित्र कोभिड-१९ को आजसम्म एउटा पनि केस नदेखिएको भए तापनि भविष्यमा देखिन सक्ने सम्भावनालाई ख्याल गर्दै आवश्यक सतर्कता तथा पूर्व तयारी जारी राखिने छ । कारोना महामारीको कारण रोजगारी गुमाएकाहरुको लागि स्वरोजगारमूलक कार्यहरुको लागि सहयोग गरिने छ । सार्वजनिक निर्माणहरुमा अधिकतम रोजगारी सिर्जना हुने गरि सञ्चालन गरिने छ । भौगोलिक स्वरुपका कारण नगरपालिका प्रायः सबै वडाहरुमा बाढी, पहिरोको उच्च जोखिम रहेकोले यसको न्युनीकरण तथा रोकथामका लागि आवश्यक पहल जारी राखिने छ । नेपाल रेडक्रस लगायतका विपद्को क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको सहयोगमा उद्धार तथा राहत वितरणका कार्यक्रमहरु सञ्चालन गरिने छ । उपरोक्त कार्यहरुको लागि २० लाख रकम विनियोजन गरेको छु ।

## ३७. सुशासन तथा सार्वजनिक सेवा प्रवाह

सार्वजनिक सेवा प्रवाहलाई छिटों छरितो बनाईने छ । सबै सार्वजनिक खरिद प्रक्रियालाई पूर्ण रुपमा प्रतिस्पर्धी बनाईने छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न सेवाकालिन तालिमको व्यवस्था गरिने छ । सबै सेवा प्रवाह र कार्य सम्पादनहरुलाई पारदर्शी र जवाफदेही बनाइने छ । सार्वजनिक सेवाप्रवाहका गतिविधीको नियमित प्रतिवेदन गर्ने प्रबन्ध गरिने छ । यस कार्यका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

अध्यक्ष महोदय,

अब म माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

३८. आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरीएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न रु ९१ करोड १४ लाख ७५ हजार विनियोजन गरेका छु । कुल विनियोजन गरिएको रकम मध्ये पुँजीगत खर्च रु ५२ करोड ७५ लाख ३३ हजार अर्थात ५७.८५ प्रतिशत, चालु खर्च रु ३८ करोड ३९ लाख ४२ हजार अर्थात ४२.१५ प्रतिशत विनियोजन गरेको छु ।

३९. उल्लेखित चालु खर्च अन्तर्गत कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचार, रोजगार सिर्जना गर्ने कार्यक्रम र अन्य कार्यक्रम तथा प्रशासनिक खर्च तर्फ विनियोजन हुने गरी आवश्यक बजेटको व्यवस्था गरीएको छ ।

४०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ३ करोड ५० लाख, चालु आर्थिक वर्ष खर्च नभइ बाँकी रहन जाने अनुमानित रकम रु ५० लाख, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु ११ करोड १९ लाख १० हजार, वित्तिय समानिकरण अनुदानबाट प्राप्त हुन आएको रु ११ करोड २० लाख, संघीय सशर्त अनुदान वापत प्राप्त हुन आउने रु २४ करोड ६८ लाख र संघीय समपुरक अनुदान वापत प्राप्त हुन आउने रु. ३ करोड ४२ लाख र संघीय विशेष अनुदान वापत प्राप्त हुन आउने रु. २ करोड ५० लाख परिचालन गरिनेछ । त्यस्तै गरी प्रदेश समानीकरण अनुदान वापत प्राप्त हुने रु. १ करोड २ लाख, प्रदेश विशेष अनुदान वापत प्राप्त हुन आएको रु ९० लाख, प्रदेश समपुरक अनुदान वापत प्राप्त हुने रु १ करोड ४० लाख तथा प्रदेश राजस्व बाँडफाँड वापत प्राप्त हुने रु ५ लाख प्राप्त हुने अनुमान गरिएको छ । कुल बजेट मध्ये रु १५ करोड ७० लाख संघीय सरकारबाट र रु १५ करोड ८ लाख ६५ हजार प्रदेश सरकारबाट थप बजेटको रुपमा प्राप्त हुने अनुमान गरीएको छ ।

४१. आर्थिक वर्ष २०७६/०७७ को यथार्थ खर्च, आर्थिक वर्ष २०७७/०७८ को संशोधित अनुमान र आर्थिक वर्ष २०७८/०७९को अनुमानित आय व्ययको विवरण अनुसुचीहरुमा उल्लेख गरेको छु ।

४२. आर्थिक वर्ष २०७७/७८ का लागि राजस्व नीतिहरु निम्नानुसार रहेका छन् ।

- राजस्व चुहावटमा नियन्त्रण गर्न सबै कर संकलन हुने स्थलहरुमा राजस्व सफ्टवयरको विकास गर्ने ।
- वडा, विषयगत शाखा तथा नगरपालिका केन्द्र बीच सहयोग, समन्वय र सहकार्यको वातावरण निर्माण गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी राजस्व परिचालनमा जोड दिने,
- करको संरचना र दरहरुमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउने,
- स्थानीय वित्त प्रणालीलाई सुदृढ बनाउन राजस्व प्रणालीलाई सुधार गर्ने,
- स्थानीय सरकारका राजस्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरलाई लागत प्रभावी बनाउने,
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने,

४३. माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि देहा बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछन :-

- करदाताहरुलाई बैंक खाता मार्फत कर दाखिला गर्न सक्ने व्यवस्था मिलाईनेछ।
- सबै कर संकलन राजस्व सफ्टवयर मार्फत संकलन गर्ने व्यवस्था मिलाइने छ ।
- कर प्रणालीलाई सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा थप सुधार गरिनेछ ।
- करको दर भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिइनेछ । कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।
- सार्वजनिक सेवा र राजस्व बीच तादाम्यता कायम गरिनेछ । कर नतिर्ने व्यक्तिलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीति लिइनेछ ।
- आफूले तिरेको कर सार्वजनिक गर्ने तथा करदातालाई जानकारी दिने व्यवस्था मिलाईनेछ ।
- विद्यालय तहहरुमा कर सम्बन्धी विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रमको निर्माण गरी पठनपाठनको व्यवस्था गरीनेछ ।

- राजस्व संकलनका लागि उपलब्ध जनशक्तिलाई थप तालिम प्रदान गरीनेछ । करदाता शिक्षा कार्यक्रम, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी कर तथा गैर कर राजस्वको बारेमा नगरवासीहरुलाई शिक्षित पार्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कर नतिर्ने, कर छलि गर्ने र संकलित कर राजस्वको चुहावटको दुरुत्साहन गर्ने जो कसैलाई पनि कानुन बमोजिम दण्डात्मक नीति अवलम्वन गरिनेछ ।

४४. बजेट निर्माणको क्रममा आ-आफ्नो क्षेत्रबाट अमुल्य सुझावहरु दिनु हुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, स्थानीय उद्योग वाणिज्य संघ, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

४६. अन्त्यमा, नगरको विकास र सम्वृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, सरकारी/गैर सरकारी सामुदायिक संघसंस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दैछु ।

नगर र नगरवासी जनसमुदाय सबैको उज्ज्वल भविष्यको कामना सहित धन्यवाद ।

प्रमाणित गर्ने अधिकारी
दस्तखत:...............
नाम, थर : गोर्ख बहादुर के.सी.
पद : नगर प्रमुख
कार्यालय : आठविसकोट नगरपालिकाको कार्यालय
मिति: २०७७/०४/०४ गते